# कीर्तिपुर नगरपालिका कार्यालय
## Kirtipur Municipality Office

पत्र संख्याः प्र.शा ०६९/०७०

च.नं.: १०८२

मितिः २०६९/०६/०७

श्री..............................

..............................

..............................

**विषय : शहरी जोखिम न्यूनीकरण कार्यशालामा उपस्थितीको लागि अनुरोध ।**

अक्सफाम को सहयोगमा कीर्तिपुर नगरपालिका र प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (Disaster Preparedness Network-Nepal) ले संयुक्त रुपमा शहरी जोखिम न्यूनीकरण (Urban Disaster Risk Reduction) एवं फ्ल्यागसीप ४ को "समुदायमा आधारित विपद जोखिम न्यूनीकरण कार्यक्रम" को सन्दर्भमा नगरपालिका तहमा जानकारी प्रवाह गर्न आधा दिने कार्यशाला गोष्ठिको आयोजना गर्ने भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

यस कार्यशालालाई सफल तुल्याउन नगरपालिकास्थित सबै सरकारी, गैर सरकारी, जिल्ला दैवी प्रकोप उद्धार समितिका पदाधिकारीहरु, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि र सुरक्षा निकायका प्रतिनिधिज्यूहरुको सहभागिता रहने व्यहोरा जानकारी गराउन चाहान्छौं ।

यस कार्यशालामा फ्ल्यागसीप ४ को बारेमा जानकारी प्रवाह गर्नुका साथै नगरपालिका एवं स्थानिय स्तरमा रहेका विपद जोखिमको बारेमा यहाँ कार्यरत विभिन्न संघसंस्थाहरुको विच छलफल गर्न आवश्यक भएकोले उक्त आधा दिने कार्यशालामा यहाँको उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम**

मितिः २०६९/६/१० गते बुधवार

समयः बिहान ८:३० बजे

स्थान :- होटल हिल साइड, की.न.पा. ३, कीर्तिपुर ।

नोट :- यसैपत्रसाथ संलग्न फारम भरी तपाईको कार्यालयको तर्फबाट कार्यक्रममा सहभागी हुन आउने व्यक्तिको साथ पठाईदिनुहुन अनुरोध छ ।

(रामलाल श्रेष्ठ)
प्रमुख एवं कार्यकारी अधिकृत
कीर्तिपुर नगरपालिका कार्यालय

कीर्तिपुर, काठमाडौं, फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१
Kirtipur, Kathmandu, Phone No.: 977-1-4331805, 4331693, Fax No.: 977-1-4331381, E-mail: kirtipurm@ntc.net.np